भूकम्प पश्चातको पुनर्निर्माणका चार वर्षः

# सामाजिक-सांस्कृतिक दृष्टिकोण

## नीतिपत्र (Policy Brief)

जुलाई २०१९



HAMI
Humanitarian Accountability Monitoring Initiative

HUMAN RIGHTS ALLIANCE

# मानवीय जवाफदेहिता अनुगमन अभियान (हामी) सम्बद्ध संस्थाहरू:

- राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानवअधिकार एलाइन्स)
- जागरण मिडिया सेन्टर (जेएमसी)
- कर्णाली एकिकृत विकास तथा अनुसन्धान केन्द्र (किर्डाक नेपाल)
- ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक
- नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
- जागृति बाल तथा युवा सरोकार नेपाल (जेसीवाईसीएन)
- नीलहीरा समाज
- सामुदायिक रेडियो प्रशारक संघ नेपाल
- सामुदायिक रेडियो प्रशारक विश्व संगठन - अमार्क (एशिया प्यासिफिक)
- जनजाती तथा वैकल्पिक विकास अध्ययन केन्द्र (सीइएडीएस)
- विकासका लागि स्थानीय स्वयंसेवकहरूको प्रयास (सल्भ) नेपाल

# नीति पत्र सम्बन्धमा,

यो नीतिपत्र राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्यायमञ्च नेपाल (मानवअधिकार एलाइन्स) को संयोजनमा रहेको मानवीय जवाफदेहिता अनुगमन अभियान (Humanitarian Accountability Monitoring Initative – HAMI) ले विगत एक वर्ष यता सञ्चालन गरेका विभिन्न नीति संवादहरूमा आधारित भएर तयार पारिएको छ । यस अन्तर्गत पुनर्निर्माणमा केन्द्रित भएर निम्नलिखित नीति संवाद आयोजना गरिएका थिए :

- हामी अभियानद्वारा आयोजित पुनर्निर्माणमा नागरिक संघ, संस्थाको स्थान विषयक संवाद, १ फेब्रुअरी २०१८, काठमाडौँ,
- राष्ट्रिय युवा परिषद् तथा जेसिवाइसिएनको सहकार्यमा आयोजित प्रकोप व्यवस्थापनमा युवा सहभागिता विषयक संवाद, १३ मे २०१८, काठमाडौँ,
- राष्ट्रिय मानव अधिकार आयोगसँगको सहकार्यमा पुनर्निर्माणमा मानवअधिकार तथा सामाजिक न्याय विषयक संवाद, ९ जुलाई २०१८, काठमाडौँ,
- जागरण मिडिया सेन्टरको सहकार्यमा पुनर्निर्माण र असमानता विषयक संवाद, २९ जुलाई २०१८, काठमाडौँ,
- मानवअधिकार एलाइन्स सिन्धुपाल्चोक तथा ग्रामीण महिला सिर्जनशील परिवार (GMSP) को सहकार्यमा पुनर्निर्माणमा नागरिक संगठनहरूको भूमिका विषयक संवाद, १६ सेप्टेम्वर २०१८, सिन्धुपाल्चोक,
- खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जाल (RtFN), फियान नेपाल, आरआरएन, रेस्पेक, सापे तथा एलडिसी वाच तथा मानवअधिकार एलाइन्सको सहकार्यमा खाद्यअधिकार तथा खाद्य सम्प्रभूता विषयक संवाद, १२ अक्टोवर २०१८, काठमाडौँ,
- गैरसरकारी संस्था महासंघ, हामी, खाद्यअधिकारका लागि राष्ट्रिय सञ्जाल (RtFN), फियान नेपालको सहकार्यमा भूकम्प पछिका चार वर्ष विषयक संवाद, २४ अप्रिल २०१९, काठमाडौँ,
- मानवअधिकार एलाइन्स जिल्ला शाखा तथा समाज सचेतन केन्द्र नुवाकोटको सहकार्यमा पुनर्निर्माणका चार वर्ष : सामाजिक सांस्कृतिक दृष्टिकोण विषयक संवाद, ९ अप्रिल २०१९, नुवाकोट र सोही विषयमा मानवअधिकार एलाइन्स रसुवा शाखा तथा मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्रको सहकार्यमा १९, मे २०१९, धुन्चे, रसुवा ।

संवादका क्रममा उपस्थित भई आ–आफ्ना विचारका साथै महत्वपूर्ण सल्लाह तथा सुझाव प्रदान गर्नुहुने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी प्रमुख सुशील ज्ञवाली, पदाधिकारी डा. चन्द्रवहादुर श्रेष्ठ, राष्ट्रिय योजना आयोगका माननीय सदस्य मीनबहादुर शाही सहित पुनर्निर्माणको जिम्मेवारी वहन गर्न हुने कर्मचारी, राजनीतिक दलका नेता, नागरिक अगुवा सहित उपस्थित हुने सबै सहभागीहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।

संवादको आयोजक भई यसलाई सफल बनाउन अहोरात्र खटिनु हुने जागृति बाल तथा युवा सरोकार नेपाल (JCYCN) का अध्यक्ष तथा हामी अभियानका कोर कमिटी सदस्य तिलोत्तम पौडेल, जागरण मिडिया सेन्टरका अध्यक्ष तथा हामी अभियानका सदस्य सचिव रेम विश्वकर्मा, ग्रामीण महिला सिर्जनशील परिवारका

अध्यक्ष तथा हामी अभियानका कोर कमिटी सदस्य नानीमाया थापा, फियान नेपालका कार्यकारी निर्देशक अशोक सिंह, आरआरएनका तत्कालीन कार्यकारी निर्देशक जीवी अधिकारी, रेस्पेकका कार्यकारी निर्देशक शान्तलाल मुल्मी, समाज सचेतना केन्द्र नुवाकोटका अध्यक्ष तथा मानवअधिकार एलाइन्सका केन्द्रीय सदस्य यम खाती, मानवअधिकार एलाइन्स रसुवा शाखाका अध्यक्ष हेमनाथ खतिवडाप्रति हार्दिक आभार तथा सम्मान व्यक्त गर्दछु ।

यसैगरी भूकम्प पश्चातको पुनर्निर्माणका चार वर्षको सन्दर्भमा काठमाडौँमा आयोजना गरिएको नागरिक–राजनीतिक संवादमा उपस्थित भई आफ्ना विचार, सल्लाह, सुझाव प्रदान गर्नु हुने राष्ट्रिय मानवअधिकार आयोगका सचिव वेदप्रसाद भट्टराई, गैसस महासंघका अध्यक्ष जितराम लामा सहित सबै पदाधिकारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । नागरिक राजनीतिक संवादमा आफ्ना विचार र अनुभवहरू प्रस्तुत गर्नुहुने राष्टिय पुनर्निर्माण प्राधिकरण (एन आर ए) का सह प्रवक्ता मनोहर घिमिरे, विषयविज्ञहरू डा. नेत्र तिम्सिना, लिली थापा, निर्मल उप्रेती, लक्ष्मी गुरूङ्गलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

साथै नीतिगत संवादहरूमा कार्य पत्र प्रस्तुत गर्नुहुने कार्यपत्र प्रस्तोताहरू दिपेश घिमिरे (काठमाडौँ), राजनकुमार परियार (समता फाउण्डेसन), डा. टीकाराम पोखरेल, (राष्ट्रिय मानवअधिकार आयोग), नानीमाया थापा, (सिन्धुपाल्चोक), घनेन्द्र रिजाल, (नुवाकोट), विश्वास नेपाली, (रसुवा) र भूकम्प प्रभावित परिवारहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, नीति संवादहरूको क्रममा उठेका विविध विषवस्तुहरूलाई समेटेर प्रशोधित सामग्रीहरू समावेश गरी यो नीतिपत्र तयार गर्नहुने मानवअधिकार एलाइन्सका विदुर सुवेदी तथा डिल्लीराज डाँगीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**पद्मप्रसाद खतिवडा**
महासचिव
मानवअधिकार एलाइन्स

# विषयसूची


१ पृष्ठभूमि ........ ४

२ नीतिगत तथा कानुनी प्रावधान ........ ५

३ भूकम्प पश्चातको अवस्था ........ ६

४ पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय सहायता ........ ८

५ सामाजिक सांस्कृतिक सवालहरू ........ ९

६ पुनर्निर्माणमा देखिएका समस्याहरू ........ १२

७ सिकाइहरू ........ १३

८ भूकम्पपछिको पुनर्निर्माणमा संघ संस्थाको सुझावहरू ........ १५

९ तत्काल गरिनु पर्ने कार्यहरू ........ १८

१० दीर्घकालिन सोच ........ १९

# १. पृष्ठभूमि

नेपालको अधिकांश भू-भाग धरातलीय हिसाबले पहाडी तथा हिमाली क्षेत्रमा फैलिएको छ । सीमित उत्पादनयोग्य र समथर जमिन भएको यहाँको अधिकांश भू-धरातल मानवीय बसोबासको हिसाबले पनि जोखिमयुक्त छ । संसारमा हिमालय पर्वत शृङ्खला बढी भूकम्प जाने क्षेत्रमध्ये एक हो । यो शृङ्खला भारतीय र युरेसियाली प्लेटबीचको सिमानामा अवस्थित छ । प्रतिवर्ष भारतीय प्लेट करिब दुई सेन्टिमिटरका दरले हिमालयमुनि घुस्ने गर्दछ । परिणामतः यस क्षेत्रमा रहेका सक्रिय दरारहरूमा तनाव/शक्ति सञ्चित भई भूकम्पहरू उत्पन्न हुने गर्दछन् । विभिन्न प्रतिवेदनअनुसार बीसौँ शताब्दीमा मात्र हिमालय क्षेत्रमा ८ म्याग्नेच्युडभन्दा ठूला ३ वटा महाभूकम्पहरू (सन् १९०५ को काँगडा भूकम्प, सन् १९३४ (वि.सं. १९९०) को बिहार-नेपाल भूकम्प र सन् १९५० को असम भूकम्प) गएका छन् । यी भूकम्पले हिमालय क्षेत्रमा ठूलो मानवीय र भौतिक क्षति गर्नुका साथै जमिनमा सयौँ किलोमिटरसम्म धाँजा पारेका थिए ।




नेपाल हिमालयको मध्य भागमा अवस्थित भएकाले समय समयमा ठूला साना भूकम्प गइरहने गर्दछन् । यसकारण भूकम्पका दृष्टिकोणले नेपाल विश्वमै ११औँ जोखिमपूर्ण स्थानमा र अन्य प्रकोपका दृष्टिकोणबाट २० औँ जोखिमपूर्ण स्थानमा रहेको छ । इतिहासका विभिन्न दस्तावेजअनुसार नेपालमा सन् ११००, १२५५, १३४४, १४०३, १५०५, १८०३, १८३३ र १९३४ मा ठूला भूकम्प आएका थिए । पछिल्लोपटक नेपालमा २०७२ साल वैशाख १२ गते दिनको ११:५६ बजे ७.६ रेक्टर स्केलको भूकम्प गोरखा जिल्लालाई केन्द्रविन्दु बनाएर आएको थियो । क्षतिका आधारमा यो भूकम्प वि.सं. १९९० सालपछिको ठूलो मानिएको छ जसले बाग्लुङ्गदेखि धनकुटासम्मका ३२ जिल्लाहरूमा क्षति पुऱ्याएको थियो, जसमध्ये गोरखादेखि ओखलढुङ्गा सम्मका हिमाली र पहाडी १४ जिल्लामा अत्याधिक क्षति पुगेको देखिन्छ ।[1]

नेपालमा वि.सं. २०६८ देखि वि.सं. २०७२ बीच १२,००० भन्दा बढी मानिसहरूले प्रकोपका कारण ज्यान गुमाएका देखिन्छन् भने २६,४५३ मानिस घाइते भएका विभिन्न प्रतिवेदनले देखाएका छन् । यो अवधिमा प्राकृतिक प्रकोपका

1 http://www.nra.gov.np/np

कारण नेपाललाई रू. आठ खरब बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको छ ।[2] प्राकृतिक प्रकोपका घटनाले आर्थिक पक्षका अतिरिक्त सामाजिक र सांस्कृतिकपक्षहरूमा समेत असर पुऱ्याउने गरेको छ । नेपालमा भूकम्पका साथसाथै बाढी, पहिरो, आगलागी जस्ता प्रकोपका घटनाहरू निरन्तर हुने र ठूलो मात्रामा जनधनको क्षति भइरहने गरेको छ । प्रकोपबाट हुने यस्ता क्षति न्यूनीकरणको लागि प्रकोप पूर्व तयारी गर्न सकेमा मात्रै पनि बर्सेनि ठूलो आकारमा हुने जन धनको क्षति हुनबाट बचाउन सकिन्छ ।

यो नीति पत्र (Policy Brief) बिनासकारी भूकम्प २०७२ पश्चात नेपाल सरकारले थालेको पुनर्निर्माणमा भएको प्रगति, नागरिक तथा निजी क्षेत्रबाट गरिएका प्रयास तथा समग्र पुनर्निर्माणमा देखिएका चुनौती तथा तिनका समाधानका उपायहरूमा केन्द्रित रहेको छ ।

# २. नीतिगत तथा कानुनी प्रावधान

## विपद व्यवस्थापनमा राष्ट्रिय कानुनी व्यवस्था

नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत, कानूनी तथा संस्थागत प्रावधानहरू रहेका छन् । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ महत्वपूर्ण कानूनी व्यवस्था हुन् । विपद् जोखिम व्यवस्थापनका लागि हालसम्म ३९ वटा ऐनहरू, १५ वटा नियमावली र २५ वटाभन्दा बढी निर्देशिका जारी भएका देखिन्छन् । जसमा भवन ऐन २०५५, राष्ट्रिय भवन संहिता २०६०, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, जलवायु परिवर्तन नीति २०६७, भू-उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा २०७०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मार्गदर्शन २०७२, राष्ट्रिय शहरी विकास रणनीति २०७३ लगायत पर्दछन् ।

यी कानुनी प्रावधानहरू कार्यान्वयन गर्ने गराउने संयन्त्रहरू स्थानीय तहदेखि केन्द्रसम्म निर्माण गरिएका छन् । जसमध्ये केन्द्रीय दैवी प्रकोप उद्धार समितिको स्थापना, गृहमन्त्रालयमा दैवी प्रकोप उद्धार एकाइ, सबै जिल्लाहरूमा दैवी प्रकोप उद्धार समिति, दैवी प्रकोप व्यवस्थापन विभागको स्थापना, नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीभित्र दैवी प्रकोप एकाइ स्थापना, प्राकृतिक प्रकोप नियन्त्रण तथा तालिम केन्द्र, विभिन्न नागरिक तथा सामाजिक संस्थाहरूबीच समन्वय र भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने र पुनर्निर्माण प्रक्रियालाई व्यवस्थित गर्दै लाने जस्ता देखिएका छन् ।

यतिका धेरै कानुनी प्रावधानहरू र संरचनाहरू हुँदाहुँदै पनि प्रकोपबाट हुने सम्भावित क्षतिको न्यूनिकरणका लागि पूर्व तयारी, समग्र पुनर्निर्माण प्रक्रिया र विपद् व्यवस्थापन प्रक्रियामा सामाजिक सांस्कृतिकपक्षहरूको प्रभावकारिता बारे निरन्तर संवाद र बहस केन्द्रित गर्न आवश्यक छ ।

## विपद व्यवस्थापनमा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था

विपद् न्यूनीकरण र व्यवस्थापन कुनै देश र भूगोल विशेषको मात्र सरोकारको विषय नभएर यो अन्तर्राष्ट्रिय चासो र चिन्ताको समेत विषय बनेको छ । यस सम्बन्धमा गरिएका केही प्रयासहरू संक्षेपमा चर्चा गरिएको छ :

2 http://neoc.gov.np/uploads/news/file/Seven%20year%20data_20180427010733.pdf

- सन् १९८९ मा संयुक्त राष्ट्र संघको साधारणसभाले १९९० देखि २००० सम्मको दशकलाई प्राकृतिक विपद न्यूनीकरण दशक घोषणा,
- सन् १९९४ मा योकोहामा विपद व्यवस्थापन कार्ययोजना,
- सन् १९९९ मा अन्तर्राष्ट्रिय विपद् न्यूनीकरण रणनीति अनुमोदन,
- सन् २००४ मा विगतका अनुभवहरू समेट्दै "ह्योगो फ्रेमवर्क फर एक्सन" पारित,
- सन् २०१५ मा "सेण्डाइ फ्रेमवर्क फर डिजास्टर रिक्स रिडक्सन" पारित,
- सन् २०१५ मा संयुक्त राष्ट्र संघको तत्वाबधानमा भएको दिगो विकास लक्ष्य हासिल गर्ने प्रस्तावमा नेपालले समेत हस्ताक्षर,
- सन् २०१५ कै डिसेम्बरमा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न सम्मेलनमा सहभागी राष्ट्रहरूले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने दस्तावेजमा हस्ताक्षर,
- संयुक्त राष्ट्रसंघीय अन्तर निकाय स्थायी समिति (UN Inter Agency Standing Committee (IASC) ले प्राकृतिक प्रकोप र मानव अधिकारसम्बन्धी कार्यनिर्देशिका (Operational Guidelines on Human Rights and Natural Disasters, 2006) जारी ।

# ३. भूकम्प पश्चातको अवस्था

## उद्धार, राहत तथा पुनर्स्थापना

भूकम्पबाट प्रभावितहरूको उद्धार कार्यमा सरकार तथा यसका संयन्त्रहरू तत्कालै जुटेको देखिन्छ । सुरक्षा निकाय र विदेशी उद्धार टोलीको परिचालन, विषयगत आधारमा मन्त्रालयगत जिम्मेवारी बाँडफाँट, जिल्ला दैवी प्रकोप उद्धार समतिको सक्रियता, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्माको आह्वान, क्षतिको तथ्याङ्क सङ्कलन, प्रभावित जिल्लामा केन्द्रीय जनशक्ति परिचालन, राष्ट्रिय समितिहरूको गठन, परिचयपत्र वितरण, अस्थायी आवास अनुदान, जोखिमयुक्त भग्नावशेष भत्काउने र हटाउने कार्यहरू प्रसंशनीय रहेका थिए ।

## पुनर्निर्माणको अवस्था

पुनर्निर्माणको अवस्थालाई निम्न अनुसार प्रस्तुत गरिएको छ,

## निजी आवास पुनर्निर्माण

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले अध्यावधिक गरेको तथ्याङ्क अनुसार सरकारले बिनासकारी भूकम्पका कारण क्षति पुगेका ९ लाख ९६ हजार ५८२ घरहरूमध्ये ८ लाख २५ हजार ४३९ घरहरूलाई लाभग्राहीको सूचीमा राखेको देखिन्छ । यी मध्ये ७ लाख ६३ हजार ४७२ परिवारसँग सम्झौता सम्पन्न भएकोमा ७ लाख ५९ हजार १० घरपरिवारलाई पहिलो किस्ता वितरण गरेको देखिन्छ भने ५ लाख ७२ हजार १० परिवारलाई दोस्रो किस्ता र ४ लाख १४ हजार ३६४ परिवारलाई तेस्रो किस्ता वितरण भएको देखिन्छ ।

भूकम्पबाट प्रभावित भएका परिवारलाई सरकारले रू. ३ लाख अनुदान निजी आवास पुनर्निर्माणको लागि उपलब्ध गराएको र यो रकम पुनर्निर्माण प्राधिकरणले सिधै वितरण गर्ने नभई जिल्लामा रहेका विभिन्न बैंकहरूमार्फत किस्ता किस्तामा उपलब्ध गराउने व्यवस्था गरेको छ ।

भूकम्पका कारण पुगेको जनधनको क्षतिलाई सम्बोधन गर्न सरकारले थालेको यो पुनर्निर्माण अभियान चौथो वर्षमा आइपुग्दा के कति प्रगति भएको छ भन्ने जानकारी हेर्दा निजी आवास पुनर्निर्माण तर्फ हालसम्म ३ लाख ८३ हजार ७५३ निजी घरहरू निर्माण भएका, ६ लाख १७ हजार ९४४ घरहरू बन्दै गरेका पाइएको छ । त्यस्तै २ लाख ३७ हजार ८५ गुनासो पुनर्निर्माण प्राधिकरणमा दर्ता भएकामा २ लाख ५५ हजार ८४ गुनासाहरूको पुनरावलोकन भएको र ती सबै फर्छ्यौट गरिएको प्राधिकरणको तथ्याङ्कले देखाएको छ ।

## सार्वजनिक पुनर्निर्माणको अवस्था

भूकम्पका कारण शिक्षा र स्वास्थ्य संस्था सहित सरकारी भवन, सांस्कृतिक सम्पदा, सुरक्षा निकाय र खानेपानीका संरचनामा ठूलो क्षति पुगेको थियो । भूकम्प पश्चातको चार वर्ष पुरा हुँदासम्ममा कुल ११९७ लक्षित स्वास्थ्य संस्थाहरू मध्ये ३१२ संस्थाहरूको पुनर्निर्माण सम्पन्न भएको देखिन्छ भने ३३१ संस्थाहरूको प्रवलीकरण गरिएको छ । कुल ४१५ सरकारी भवनहरूको पुनर्निर्माणको लक्ष्य राखिएकोमा १६ वटा भवनको मात्र पुनर्निर्माण सम्पन भएको देखिन्छ भने २३२ मात्रको प्रवलीकरण गरिएको पाइएको छ । कुल ७५५३ लक्षित शिक्षा क्षेत्रका भवनहरू मध्ये ४१७२ शैक्षिक संस्थाहरूको पुनर्निर्माण सम्पन्न भएको देखिन्छ ।

कुल ७५३ सांस्कृतिक सम्पदाको पुनर्निर्माण गर्ने लक्ष्य राखिएकोमा ९४ वटाको मात्र पुनर्निर्माण सम्पन्न भएको देखिन्छ । ३५३ सुरक्षा निकायको पुनर्निर्माणको लक्ष्य राखिएकोमा ९४ वटाको मात्र काम सकिएको जनाइएको छ भने ७९१ खानेपानीका पूर्वाधारहरूको पुनर्निर्माण सम्पन्न भएको पाइएको छ ।

| संस्था | पुनर्निर्माण | प्रवलीकरण | कुल |
|---|---|---|---|
| **स्वास्थ्य संस्था** | | | |
| लक्ष्य | ५४४ | ६५३ | ११९७ |
| पुनर्निर्माण हुँदै | ५१ | ९४ | १४५ |
| पुनर्निर्माण सम्पन्न | ३१२ | ३३१ | ६४३ |
| **सरकारी भवन** | | | |
| लक्ष्य | १६२ | २५३ | ४१५ |
| पुनर्निर्माण हुँदै | १२६ | १९ | १४५ |
| पुनर्निर्माण सम्पन्न | १६ | २३२ | २४८ |
| **शैक्षिक संस्था** | | | |
| लक्ष्य | | | ७५५३ |
| पुनर्निर्माण हुँदै | | | २५०६ |
| पुनर्निर्माण सम्पन्न | | | ४१७२ |

| संस्था | पुनर्निर्माण | प्रवलीकरण | कुल |
|---|---|---|---|
| **सांस्कृतिक सम्पदा** | | | |
| लक्ष्य | | | ७५३ |
| पुनर्निर्माण हुँदै | | | ११८ |
| पुनर्निर्माण सम्पन्न | | | ९४ |
| **सुरक्षा निकाय** | | | |
| लक्ष्य | | | ३८३ |
| पुनर्निर्माण हुँदै | | | ११८ |
| पुनर्निर्माण सम्पन्न | | | ९४ |
| **खानेपानी पुर्वाधार** | | | |
| लक्ष्य | | | ३२१२ |
| पुनर्निर्माण हुँदै | | | ६७० |
| पुनर्निर्माण सम्पन्न | | | ७९१ |

स्रोत : http://www.nra.gov.np/np/mapdistrict/datavisualization. Accessed on 4 April 2019.

# ४. पुनर्निर्माण सम्बन्धी अन्तर्राष्ट्रिय सहायता

सरकारले काठमाडौँमा २०७२ सालको असारमा गरेको अन्तर्राष्ट्रिय पुनर्निर्माण सम्मेलनमा ४.१ अर्ब अमेरिकी डलरको पुनर्निर्माण सहयोगको प्रतिबद्धता गर्ने विभिन्न ५६ राष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरू देखिन्छन् जसको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

भूकम्प पछिको पुनर्निर्माणका लागि २०७२ मा आयोजित दाता सम्मेलनमा विभिन्न देश तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्रतिबद्धता जाहेर गरिएको सहयोग रकम विवरण (दशलाख अमेरिकन डलरमा) यसप्रकार रहेको छ :

| दाता | ऋण | अनुदान | जम्मा |
|---|---|---|---|
| **१. द्विपक्षीय** | **९ ५८** | **१,९७१** | **२ ,९२९** |
| चीन | | ७६७ | ७६७ |
| युरोपियन युनियन | | ११७ | ११७ |
| भारत | ७५० | ६५० | १,४०० |
| जापान | २ ०८ | ५२ | २६० |
| बेलायत | | १ १० | ११० |
| अमेरिका | | १ ३० | १३० |
| अन्य | | १४५ | १४५ |

| दाता | ऋण | अनुदान | जम्मा |
|---|---|---|---|
| **२. बहुपक्षीय** | **१ ,१३०** | **२०** | **१,१५०** |
| एसियाली विकास बैंक | ५ ८० | २० | ६०० |
| विश्व बैंक | ५ ०० | | ५०० |
| अन्तर्राष्ट्रिय मुद्राकोष | ५ ० | | ५० |
| **जम्मा** | **२,०८८** | **१,९९२** | **४,०७९** |

*Source: Effectiveness of Reconstruction Aid in Nepal (2018). HAMI, Kathmandu*

## राष्ट्रसंघीय निकायहरूको सहयोग

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापनादेखि संयुक्त राष्ट्रसंघीय निकायहरू प्राविधिक, सञ्चालन तथा समन्वयात्मक सहयोगमार्फत प्राधिकरणसँग नजिकबाट जोडिँदै आएका छन् । संयुक्त राष्ट्रसंघले फेब्रुअरी २०१७ सम्म स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, पोषण, बाल संरक्षण, सुशासन तथा सार्वजनिक सेवा पुनर्स्थापना, सामुदायिक पूर्वाधार तथा जीविकोपार्जन, प्रकोप जोखिम न्यूनीकरण तथा सुरक्षित आवास पुनर्निर्माण, सांस्कृतिक सम्पदा, खाद्य सुरक्षा तथा कृषिको पुनर्स्थापना एवं लैंगिक तथा सामाजिक समावेशीकरण, पुनर्स्थापना परियोजना तथा समन्वय र पुनर्निर्माण प्राधिकरणको संस्थागत सुदृढीकरणमा ८ करोड ३७ लाख अमेरिकी डलर खर्च गरिसकेको छ ।

## विश्व बैंक

पुनर्निर्माणका लागि भएको अन्तर्राष्ट्रिय सम्मेलनमा विश्व बैंक समूहले ५ करोड डलरको वित्तीय प्याकेजको प्रतिबद्धता जनाएको थियो । अन्तराष्ट्रिय सहयोगको प्याकेजको सबैभन्दा ठूलो भाग (२ करोड डलर) आवास निर्माणका लागि छुट्याउने र राष्ट्रिय योजना आयोगलाई भूकम्पपश्चातको आवश्यकता आंकलन तयार पार्न सहयोग गर्ने पाँच विकास साझेदारमध्येको विश्व बैंक एक थियो ।

## अन्तर्राष्ट्रिय गैरसरकारी संस्था

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार पुनर्निर्माणका लागि २०७२ मा सरकारले आयोजना गरेको दाता सम्मेलनमा २४ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले लगभग ४५ अरव रकम जुटाउने प्रतिबद्धता गरेका थिए । यस रकमबाट २१,००० घर, स्वास्थ्य संस्था तथा विद्यालयहरूको निर्माण हुने देखिएको थियो । यसमध्ये २०१८ को अन्त्यसम्म आइपुग्दा करिव ८,००० घरहरू निर्माण भएको पाइएको छ ।

# ९. सामाजिक सांस्कृतिक सवालहरू

भूकम्प लगायतका प्रकोपका कारण समाजमा हुने आर्थिक क्षतिका साथसाथै सामाजिक तथा सांस्कृतिकअसरका बारेमा समेत मनन् गर्न आवश्यक देखिएको छ । प्रकोप पश्चात भौतिक क्षतिको पुनर्निर्माण मात्र नभई समग्र सामाजिक, सांस्कृतिक पुनर्निर्माण (Social Rebuilding) मा पनि ध्यान केन्द्रित हुन जरूरी छ । यस सन्दर्भमा प्रकोप अघि, प्रकोपका समयमा र प्रकोप पश्चात अवलम्बन गरिने क्षति न्यूनिकरणका प्रक्रिया तथा तयारीबारे चर्चा हुन आवश्यक छ ।

लामो समयदेखि पुनर्स्थापनाको पर्खाइमा रहेका कोशी, सुर्खेत लगायतका बाढी पीडितहरू अहिले पनि पालमुनी बस्न बाध्य छन् । जसलाई नागरिक संगठनहरूले उनीहरूको पुनर्स्थापना बारे बारम्बार आवाज उठाइरहेका छन् । सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू जस्ता विश्वव्यापीकरण हुनसक्ने महामारी, सर्पदंश, वन्यजन्तु आतङ्क, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन बिनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका गैरप्राकृतिक प्रकोपबाट पनि नेपाली समाज उत्तिकै प्रभावित छ ।

यस प्रकारका प्रकोपले समाजमा विद्यमान असमानता बढाउनुका साथै थप जोखिम निम्त्याउँछन् । जोखिमपूर्ण क्षेत्रमा बसोबास गर्नेमा गरिबको सङ्ख्या अधिक छ । अभावका बीच बाँचिरहेको विपन्न समुदाय जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्न न्यून क्षमता राख्दछ । जसका कारण प्रकोपजन्य घटनाहरूबाट सबैभन्दा बढी विपन्न र गरिबहरूमा असर (मृत्यु, चोटपटक, सम्पत्ति विनाश जस्ता क्षति) पुगिरहेको देखिन्छ ।

भूकम्प पश्चातको पुनर्निर्माण प्रक्रियाको चौथो वर्ष पुरा भएको छ । यस अवधिमा व्यक्तिका घर बने, विद्यालय बने, स्वास्थ्य संस्था बने, धार्मिक र साँस्कृतिक धरोहरका क्षेत्रहरू बने र बन्ने प्रकृयामा छन् भन्ने खुसीका खबरहरू आएकै हुन् त ? ढिलै भए पनि अनेकन अड्चन र व्यवधानका बीच पुनर्निर्माणले गति लिएकै हो त ? सर्वसाधारणदेखि नीति निर्माता लगायत अभियन्ताहरू सन्तुष्ट हुने ठाउँ छन् त ? भूकम्पबाट भएको क्षतिको यकिन गरी आवश्यकतानुसार पुनर्निर्माण गर्ने, एकीकृत बस्ती विकास गर्ने एवम् कानूनबमोजिम क्षतिपूर्ति प्रदान गर्ने व्यवस्थाका लागि अन्तर्राष्ट्रिय दातृ संस्था तथा मित्रराष्ट्रहरूको पनि उल्लेखनीय सहयोग रहेको छ । तर पेचिलो प्रश्न के छ भने भूकम्पका नाममा प्रतिबद्धता जनाउने अन्तराष्ट्रिय समुदायले गरेको प्रतिबद्धता कार्यान्वयनको स्थिति के छ ? प्राप्त सहयोग लाभग्राहीकोमा पुगेकै छ त ? यी प्रश्नहरू दिनप्रतिदिन पेचिला बन्दै गएका छन् । यी प्रश्नहरूको सेरोफेरोमा समेत भूकम्प पश्चातका चार वर्षलाई हेरिनु जरूरी भएको छ ।

पुनर्निर्माणको सकारात्मक पाटो सँगसँगै उठ्ने गरेका गुनासाका पाटोका चाङ्हरू पनि उतिकै छन् । विभिन्न कानुन, नीति, नियमकै आधारमा हालसम्म पनि भूकम्पको लागग्राही सूचीमा पर्न नसकेका व्यक्ति तथा परिवार पाइएका छन् । राहत वितरणकै समयमा समेत विभेद भएको गुनासाहरू सार्वजनिक भएका थिए ।[3]

3 Amnesty International. (2015). Nepal, Earthquake Recovery Must Safeguard Human Rights. 1 June 2015. https://www.amnesty.org/en/documents/ASA31/1753/2015/en/

तथ्य, तथ्याङ्कहरूले प्रकोपबाट महिला तथा बालबालिकाको मृत्यु हुने सम्भावना पुरूषको भन्दा १४ गुणा बढी देखिएको छ भने प्रकोपपछिको अवस्थामा महिलाले कम सहयोग प्राप्त गर्ने हुनाले उनीहरू घरायसी तथा लैङ्गिक हिंसाको सिकार हुने सम्भावना बढी छ ।[4] अल्पसङ्ख्यक समुदायले पनि यसै प्रकारका समस्या भेल्नुपर्ने हुन्छ ।

पुनर्निर्माणको प्रक्रियामा केही महत्वपूर्ण सांस्कृतिक विषयहरू ओभेलमा परेका छन् । घर निर्माणमा आधुनिक निर्माण सामग्रीहरू रड, सिमेन्ट, जस्तापाता, रङ्ग रोगन जस्ता आयातित सामग्रीहरूको प्रयोगका कारणले स्थानीय खर, काठ, ढुङ्गा, माटो जस्ता सामग्री प्रयोग भएनन् । जसले गर्दा घरको पुरानो संरचना तथा सांस्कृतिक महत्व हराउँदै गएको अवस्था छ भने गाउँमा आएको पैसा निर्माण सामग्री खरिदको नाममा फर्किएर उद्योगपति मार्फत विदेसिएको अवस्था छ, जसको असर जीविकोपार्जनमा समेत परेको छ ।

कतिपय विदेशीहरू नेपाली घरको मौलिक संरचना हेर्नको लागि नेपाल आउने, होमस्टेमा बस्ने प्रचलन थियो जसले गर्दा नेपाली कलात्मक घरको विशेष महत्व रहेको छ । हाल निर्माण गरिएका घरहरूमा पुरानो तथा परम्परागत मौलिक बनावट, कलाकौशलता लोप भएको देखिन्छ । भूकम्प पश्चात निर्माण भएका र हुँदै गरेका घरहरू अनुदान लिनको लागि प्राप्त ढाँचा अनुसार निर्माण भएको हुँदा परम्परागत घरहरूमा रहिआएका कौसी, दलिन, आँटी/आट, चुलो, गग्रेटो, आँखीभ्याल, विरेआग्लो जस्ता स्वरूप देखिँदैनन् । घर निर्माणको परम्परागत मौलिक संस्कृति र सौन्दर्य समेत लोप भई नवनिर्मित घरहरूमा निर्माण र सजावटका महंगा सामग्रीहरू प्रयोग भइरहेको देखिन्छ ।

पुराना घरहरू तथा बस्तीहरू कुन जाति, धर्म वा समुदायका मानिस बसोबास गरिरहेका छन् भन्ने सहजै अनुमान गर्न सक्ने अवस्था थियो । अर्थात् आ–आफ्नो संस्कृति र परम्परा अनुसार घरहरू निर्माण गरिएका थिए । हालको पुनर्निर्माणको मापदण्डले सामुदायिक वा सांस्कृतिक पहिचानको अन्त्य गरेको अवस्था छ । घर वरिपरी निर्माण हुने गरेका, तुलसीको मोठ, मन्दिर, माने, गुम्बा, जस्ता विभिन्न धार्मिक सांस्कृतिक महत्वको संरचनाहरू हालको पुनर्निर्माण प्रक्रियाको ढाँचामा समावेश भएको देखिँदैन । यसर्थ घरको मौलिक संस्कृति लोप हुँदै गएको भान हुन्छ भने नयाँ शैली र ढाँचाका घरहरू निर्माण भइरहेका देखिन्छन् । कतिपयले यो अवस्थालाई नवनिर्माण हो भनेका छन् भने कतिपयले घर बलियो हुनुपर्छ तर मौलिकता हराउन हुँदैनथ्यो भनेका छन् ।

धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्व रहेका सम्पदा तथा स्थानमा भूकम्पको असर नपर्ने विषयनै भएन । त्यस्ता स्थानको पुनर्निर्माणमा स्थानीय तहको सक्रियता तथा कम लागतमा पनि पुनर्निर्माण हुने अवस्था रहँदा पनि पुनर्निर्माण कार्यले गति लिन सकेको देखिँदैन ।

अर्को तर्फ भुकम्पको कारणले सामाजिक एकताको विकास गरेको छ भने यसको निरन्तरताका लागि समाजका नेतृत्वकर्ताहरूले विशेष ध्यान दिनु जरूरी छ ।

## कसका घर बने ?

धनी, पुँजीपति, दोहोरो, तेहेरो ठाउँमा जग्गा, घर भएकाहरूकै घरहरू बनेका जनगुनासो आएको सम्बन्धमा यसको सुक्ष्म अध्ययन आवश्यक देखिएको छ । राहत र अनुदान वितरणमा सम्पन्न, विपन्न र अशक्त तथा असहाय परिवारहरू सबैलाई एकैनासको रकम र सुविधा प्रदान गरिने नीति ठीक थिएन र यसको पुनरावलोकन जरूरी देखिएको छ । खाना, नाना र छानाको अभाव खेपिरहेका वास्तविक विपन्न, विस्थापितहरू र असहायहरूको घर

4 http://www.undp.org/content/dam/undp/library/gender/Gender%20and%20Environment/PB3-AP-Gender-and-disaster-risk-reduction.pdf

अझै पनि निर्माण हुन सकिरहेको देखिँदैन । ती परिवारहरूको नीजि आवासको पुनर्निर्माणलाई प्राथमिकतामा राखेर विशेष नीतिहरू अवलम्बन गरेर भएपनि यथासक्य चाँडो निर्माण गरिनु पर्ने देखिन्छ ।

## सर्वेक्षणमा त्रुटि, मारमा पीडित

सूचना सङ्कलन गर्न गएका सूचना सङ्कलकहरूले भूकम्प पीडितको सही तथ्याङ्क सङ्कलन गर्न नसकेका कारण कतिपय वास्तविक भूकम्पपीडित राहत रकम पाउनबाट बञ्चित भइरहेका छन् । उनीहरू सरकारी राहतको पर्खाइमा टहरोमा जीविका चलाइरहेका छन् । सूचना र तथ्याङ्क सङ्कलकहरूको हेलचेक्र्याइँले छुटमा परेकाहरू अनुदान पाउनबाट बञ्चित गराइए । चौथो वर्षसम्म पनि सुनुवाइ नहुँदा लाभग्राहीको सूचीमा छुटेका भूकम्प पीडितहरू सरकारी अनुदान नपाइने चिन्तामा छन् भने सँगैका भूकम्पपीडितको घर बनिसक्दा उनीहरूको बास भने दीर्घकालसम्म पनि टहरोमै हुने खतरा बढ्दै गएको छ ।

## सडक किनाराका पीडितको थप पीडा

सडक राजमार्ग आसपासका भूकम्प पीडितले सडक फराकिलो बनाउन आफ्नो जग्गा छोड्न पर्ने परिस्थितिले थप समस्या सिर्जना गरेको छ र यसबाट रसुवा जिल्लामा सबैभन्दा बढी निजी घरहरूले थप पीडा भोग्नु परेको छ । पासाङल्हामु राजमार्ग आसपासकालाई १५ मिटर सीमा तोकी किनबेच तथा पास गर्नका लागि बन्देज गराइकाले धेरै परिवारहरू समस्यामा परेका छन् । कतिपयको सडकछेउमा घर घडेरीमात्र छ, त्यसमा पनि सडकको सीमाले उनीहरू स`कुम्बासी हुने निश्चित प्रायः भएको छ । यस्तो समस्यामा परेका परिवारलाई सडक विभागले क्षतिपूर्ति पनि दिएको छैन भने जग्गा किनबेचसमेत रोक्का गरिदिएको छ । सीमामा घर नबनाउन भनेकाले नयाँ घर बनाउन समस्यामा रहेका करिव २०० घर छन् । रसुवामा नै भूमिहीन तथा सुकुम्बासी भूकम्पपीडित २९ परिवारले आफूसँग घर बनाउने जग्गा नभएको हुँदा हालसम्म पनि नयाँ घर बनाउन पाएका छैनन् । भूमिहीन परिवारहरूको एकैनासको समस्या अन्य जिल्लाहरूमा समेत रहेको छ ।

## अनुदानले घर बन्न मुस्किल

भूकम्पपीडितले नयाँ घर बनाउनका लागि रू. ३ लाख सरकारी सहयोग पाउने व्यवस्था छ । यतिले कसरी घर बनाउने भन्ने अधिकांश प्रभावित परिवारको गुनासो देखिन्छ । यति रकमले घर बनाउन सकिने आधारहरू तयार नगरेकै कारण यस्तो समस्या देखा परेको हुन सक्छ । दिनप्रतिदिनको महँगीले भूकम्प प्रभावित क्षेत्रमा निर्माण सामग्रीको भाउ आकासिएको छ । यही कारण आयस्रोत नभएका परिवारले नयाँ घर बनाउन सक्ने अवस्था देखिँदैन । उनीहरू बिना धितोको ऋण लिएर घर निर्माण गर्ने योजनामा थिए तर अहिलेसम्म पनि यस्तो ऋण कहाँबाट, कसरी र कहिले पाइन्छ भन्ने प्रभावित परिवारमा पर्याप्त जानकारी भएको देखिँदैन ।

## बस्ती स्थानान्तरणको समस्या

रसुवा जिल्ला साविक हाकु वडा नं. ८ र ९ र डाँडागाउँ वडा नं. ७, ८ र ९ हालको उत्तरगया गाउँपालिका वडा नं १ का भूकम्पका कारण विस्थापित भएका २६० भन्दा बढी घरपरिवार उत्तरगया गाउँपालिका वडा नं. ५ को खाल्टे बगरमा २ वर्ष पहिलेदेखि अस्थायी टहरा बनाई बसोबास गरिरहेका छन्, उनीहरूको पुनर्बासको प्रक्रिया अघि बढ्न सकेको छैन । अस्थायी टहरोमा लामो समय बस्नुपर्दा समस्याहरू थपिँदै गएका विस्थापितहरू बताउँछन् ।

### विस्थापितले घर बनाउन सकेनन्

पुनर्निर्माण प्राधिकरणको अनुदान लिई घर बनाउनको लागि सुरक्षित स्थानमा जग्गा खरिद गरेका परिवारले भनेजस्तो घर बनाउन सकेका छैनन् । उनीहरूले सरकारले एकीकृत बस्ती बापतको अनुदान उपलब्ध गराउँछ अनिमात्र थप भौतिक संरचनासँग निर्माण गर्ने भन्ने योजना बनाएको भएपनि २ वर्ष पहिले जग्गा खरिद गरिसकेका परिवारले समेत घर निर्माण गर्न सुरू गरेका छैनन् । अर्को कारण भनेको सरकारले दिएको २ लाख रूपियाँ घर बनाउनका लागि पर्याप्त नभएपछि उनीहरूले आफैंले ऋण धन गरेर जग्गा खरिदको लागि केही रकम थपेका थिए । हाल उनीहरूसँग पहिलो किस्ता बापत लिएको रकम पनि नभएको र घर निर्माण सुरू गर्नको लागि लगानी गर्ने रकम समेत नभएको कारण पनि घर निर्माण गर्न नसकेको देखिन्छ ।

## ६. पुनर्निर्माणमा देखिएका समस्याहरू

### झण्झटिलो प्रकृया

कतिपय घरहरू निर्माण गर्ने तथा लाभग्राहीमा परिसकेपछि राहत रकम पाउने प्रकृया झण्झटिलो भएकै कारण प्रभावितहरू अलमलमा परेको पाइएको छ । लाभग्राहीको सूचीमा परिसकेपछि प्रभावितले राहत पाउन निम्नलिखित प्रकृयाहरू पूरा गर्नु पर्ने देखिन्छ :

**पहिलो :** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट पूर्व निर्धारित मापदण्डको आधारमा सम्भाव्य लाभग्राहीको सूचीमा समावेश भैसके पछि स्थानीय तह र बैंकमा पठाइएको विवरण बमोजिमका व्यक्तिहरूले नागरिकताको प्रतिलिपि, लालपूर्जा फोटो तथा सर्भे निस्सा लगायतका विवरण पुष्टि हुने कागजात संलग्न गरी सम्बन्धित वडामा सम्झौता गर्ने,

**दोसो :** वडा कार्यालयले सम्झौताको एक प्रति लाभग्राहीलाई दिई एक प्रति सम्बन्धित गाउँपालिका वा नगरपालिका कार्यालयमा र एकप्रति संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको जिल्ला स्थित आयोजना कार्यान्वयन इकाई (MoFALD/DLPIU) मा वडाको सिफारिस पत्र सहित पठाउने,

**तेस्रो :** त्यहाँबाट आवश्यक अभिलेख भिडाई भुक्तानीका लागि सोही जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने व्यवस्था रहेको र को.ले.नि.का. बाट सम्बन्धित लाभग्राहीको बैंक खातामा जाने गरी चेक जारी गरिने र सो चेक (MoFALD-DLPIU) ले सम्बन्धित बैङ्कमा भुक्तानीका लागि पठाउने व्यवस्था मिलाउने

**चौथो :** व्यक्तिसँग भएको सम्झौता पत्र र नागरिकताको प्रतिलिपी लिएर बैंकमा सम्पर्क गरी बैंक मार्फत भुक्तानी लिन सक्ने ।

### दोस्रो किस्ता लिन:

**पहिलो :** सम्बन्धित वडामा गएर निरीक्षण फाराम भर्ने, लिखित निवेदन दिने वा सम्पर्क राखी प्राविधिक खटाई फिल्डमा पठाउन अनुरोध गर्ने,

**दोस्रो :** प्राविधिकले निरीक्षण गरी उक्त विवरण GPS / Tablet मार्फत MOUD-DLPIU मा प्रमाणीकरणका लागि पठाउने । MOUD-DLPIU ले व्यवस्थापकीय सूचना प्रणाली (MIS) मा अभिलेख अद्यावधिक गरी दोश्रो किस्ता भुक्तानीको लागि सिफारिस सहित DLPIU, MoFALD मा पठाउने,

**तेस्रो :** त्यस पश्चात अभिलेख अद्यावधिक गरी भुक्तानीका लागी कोष तथा लेखा नियन्त्रक कार्यालयमा सिफारिस गरी पठाउने,

**चौथो :** कोष तथा लेखा नियन्त्रण कार्यालयले यथाशीघ्र उक्त रकम सम्बन्धित लाभग्राहीको खाता रहेको बैंकमा जाने गरी चेक जम्मा गरिदिने ।

समग्रमा धेरै थरीका माग फारम भरेर प्राविधिकहरूले प्रमाणीकरण गरे पश्चात वडाले सिफारिस दिएरमात्र अनुदानको फाइल जिल्ला आयोजना कार्यान्वयन इकाइमा पुग्ने हुँदा गाउँबाट जिल्लामा फाइल पुग्न समय लागेको देखिन्छ । पुनर्निर्माणको क्रमसँगै प्राधिकरणले आफ्ना आफ्ना नीति तथा कार्यविधि र प्रक्रियाहरूमा समसामयिक र समय अनुकूल सुधार गर्दै गएको देखिन्छ । निर्वाचित जन प्रतिनिधि आइसकेपछि स्थानीय तहको कार्य र प्रक्रियामा केही सहजता आएको भन्ने प्रभावितहरूको भनाइ छ । यद्यपी लाभग्राहीहरूले प्रक्रिया झन्झटिलो भएको गुनासो गरेका छन् ।

### लालपूर्जा नभएको अवस्थामा गरिएको व्यवस्था

सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा बाहेक विभिन्न किसिमका गुठी, बिर्ता र गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्वबासी, बेनिस्सा, गाउँ ब्लक, कोदाली, आंकडा, बिटौरि, उखडा, समेतका जग्गामा बसोबास भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीसँग घरबास भएको जग्गाको भोग सम्बन्धी कुनै निस्सा, रसिद वा पूर्जी भए सो को आधारमा स्थानीय तहले गरिदिएको सिफारिस र त्यस्तो निस्सा रसिद वा पूर्जी नभएको अवस्थामा सोही व्यहोराको सिफारिस एवं क्षतिग्रस्त घरबास भएको जग्गाका कम्तिमा दुई जना सँधियारहरूले घरबास भएको जग्गाको भोगचलन गरेको हो भनी गरिदिएको सर्जमिन मुचुल्काका आधारमा त्यस्ता घरधनी लाभग्राहीसँग घर निर्माण अनुदान सम्झौता गर्न सक्ने व्यवस्था गरिएको देखिन्छ । तर यस्तो सम्झौतालाई जग्गा दर्ताको प्रमाणको रूपमा लिइने छैन । सो जग्गा दर्ता गर्ने यथेष्ट प्रमाण भएमा भूकम्प पीडित लाभग्राहीहरूले घडेरी जग्गा दर्ता गर्न मालपोत कार्यालयमा सम्पर्क गर्न सक्नेछन् । जग्गा बिहीन पीडितहरूको हकमा समेत यही प्रावधान लागु हुने भनिएको छ ।

## ७. सिकाइहरू

कृषिमा आश्रित मुलुकका नागरिकहरूको जीविकोपार्जन भू-धरातलमा जोडिएको हुन्छ । धरातल (घर) बलियो भएन भने अरू प्रगति करिब करिब शून्य हुन्छ । किनकि विकल्पका अभावमा घर नै हाम्रो पहिलो आश्रय हो जहाँ सुरक्षित तवरले बस्न पाएमात्र अरू अवसरका लागि मार्ग प्रशस्त हुन्छ ।

समयमै प्रकोपजन्य जोखिम न्यूनीकरण गर्न सक्दा यसबाट हुने क्षतिको आकार निकै कम गर्न सकिने पाठ भविष्यका लागि निकै महत्वपूर्ण हुनेछ । यतिबेला भूकम्पपछिको पुनर्निर्माण क्रम चलिरहेको छ । व्यक्तिगत घर होस् वा भौतिक संरचनाको निर्माण, यो दीर्घकाल सम्मका लागि हो । व्यक्तिगत घर लाखौं नेपालीका लागि पुस्तौंपुस्ता जिउने आश्रयस्थल समेत हो । त्यसैले पनि दीगो पुनर्निर्माणको सवाल सबैभन्दा महत्वपूर्ण बन्न पुगेको छ ।

१. प्रकोप आफैं जोखिम वा क्षति होइन, मानव निर्मित भौतिक संरचना वा कमजोर भू-धरातलमा भएको जीविकोपार्जन प्रणालीका कारण प्रकोप पश्चात विनाश वा क्षति हुने गरेको देखिन्छ । यसैले यो पुनर्निर्माणको क्रम चलिरहेको हुँदा भविष्यमा यस्ता भौतिक संरचनाहरूको निर्माण तथा पुनर्निर्माण गर्दा समयमा नै क्षति प्रतिरोधी भौतिक संरचनाहरू निर्माण गरिनु राम्रो हुन्छ ।

२. विकास बहुआयामिक प्रक्रिया हो । यो निरन्तर चलिरहन्छ । विकास निर्माणको क्रममा निर्माण गरिने विभिन्न भौतिक संरचना (भवन, सडक, विद्यालय, सार्वजनिक भवनहरू) प्रविधिमैत्री, वातावरण मैत्री र टिकाउखाले बनाउनुपर्छ । यसो गरियो भने लामो समयसम्म उपभोग गर्न पाइन्छ र खर्च कम हुन्छ । यस्तो संरचनालाई सानोतिनो प्रकोपले क्षति पुऱ्याउन पनि सक्दैन । यसरी गरिने भौतिक संरचनाको निर्माणले दिगो वातावरण र वरपरको पारिस्थितिक पद्धतिमा खलल ल्याउनु हुँदैन । जुनसुकै संरचना निर्माणको काम पनि दिगो र लामो समयसम्म टिक्नेखालको हुनु जरूरी छ ।

३. पुनर्निर्माण गरिब, विपन्न तथा असहाय व्यक्ति तथा परिवारमैत्री, वातावरणमैत्री, प्रविधिमैत्री हुनु आवश्यक छ । राज्यले पुनर्निर्माणका क्रममा समुदायमा रहेका गरिब परिवार, आर्थिक हिसावमा कमजोर परिवार र समुदायमा रहेका सीमान्तकृत अनि पछाडि पारिएका वर्गका लागि उपयुक्त प्रविधि र आर्थिक लगानी पनि सहयोगबापत उपलब्ध गराउनुपर्छ ।

४. दिगो विकास र दिगो पुनर्निर्माणका मुख्य फाइदाहरूबारे नागरिक तहमा सचेतीकरण गर्नु आवश्यक छ । पुनर्निर्माण शिक्षा दिई भविष्यमा धेरै ठूला क्षतिहरू हुनबाट जोगाउन जरूरी छ ।

५. ग्रामीण तहमा अहिले निर्माण भएका घर अधिकांश एककोठे प्रकृतिका छन् । यो निर्माण अहिलेको आवश्यकतालाई समेत परिपूर्ति गर्न सकिने अवस्थाको छैन । नेपाली परिवारमा कम्तीमा ३ देखि ५ जना सदस्य रहेका परिवार छन् । एककोठे घरले मानिसलाई बस्ने, खाना पकाउने कोठा, सामान भण्डारण गर्ने र पाहुना आउँदा बास बसाउनसमेत समस्या भोग्नुपर्छ । यसैले अहिले भूकम्पको राहत लिनका लागिमात्र निर्माण गरिएको जस्तो एककोठे घर पर्याप्त छैन । यसैले यो समयमा भूकम्पपीडित परिवारलाई उनीहरूको आवश्यकता अनुसारका भौतिक संरचना निर्माण गर्नका लागि राज्यले पनि उत्प्रेरित गर्ने र सहयोग गर्नु आवश्यक छ ।

६. विविध प्रकोपजन्य जोखिमको न्यूनीकरण गर्न, पहिरो भू-क्षयजस्ता क्षति हुने क्षेत्रको नियन्त्रण गर्नका लागि रूखहरू रोप्ने, पानी तथा ढल निकासको राम्रो व्यवस्थापन गर्ने गर्नुपर्छ ।

७. प्रत्येक घर/परिवारले आ-आफ्नो क्षेत्रबाट प्रकोप तथा जोखिम न्यूनीकरणको योजना निर्माण गर्ने, पूर्व तयारीहरू गर्ने गर्नु आवश्यक छ ।

८. प्रत्येक समुदायको सामुदायिक प्रकोप जोखिम न्यूनीकरणका योजनाहरू सहभागितामूलक विधि र प्रक्रियाहरूबाट निर्माण गरिनु जरूरी छ । यस्ता योजना निर्माण गर्दा अनुभवी र विज्ञहरूका सुझाव र अनुभवहरूलाई योजनामा समेटिनु पर्दछ ।

९. स्थानीय तहले आफ्नो क्षेत्रमा हुन सक्ने प्रकोप तथा जोखिम आंकलन गरी त्यस्तो प्रकोप तथा जोखिमबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि पूर्व योजना बनाई कार्यान्वयन गर्ने र जोखिम र यसबाट हुने क्षतिबारे नागरिक तहमा नियमित सचेतीकरण गर्ने र त्यसको अनुगमन र व्यवस्थापन गर्ने ।

१०. राज्यले देशको भूगोल सुहाउँदो बसोबास नीति निर्माण गरी कार्यान्वयनमा ल्याउन जोड दिनु आवश्यक छ । अधिकांश भू-धरातल भिरालो प्रकृतिको भएको हुँदा हरेक वर्ष हुने क्षतिलाई समेत मध्यनजर गरी मानव बस्ती एकीकृत रूपमा राख्न राज्यले सहयोग गर्ने र पहाडी तथा हिमाली क्षेत्रका जोखिमयुक्त क्षेत्रका नागरिकलाई एकीकृत बस्तीमा रूपान्तरण गर्नुपर्छ । यसो गरियो भने भविष्यमा प्रकोपजन्य घटनाबाट पीडित हुनुपर्नेको सङ्ख्या न्यून हुन जान्छ ।

११. विपद् भइसकेपछि वितरण गरिने राहत र पुनर्निर्माणका क्रममा आवश्यकता पहिचान गरी जसलाई जे आवश्यकता परेको छ, उनीहरूलाई सोहीअनुसारको वस्तु तथा सेवा उपलब्ध गराउने नीति निर्माण र कार्यान्वयन गर्नुपर्छ । नेपालमा राहत तथा पुनर्निर्माणको क्रममा गरिने सरकारी सहयोग र वितरणमा एकरूपता हुने गरेको र यो वितरण प्रणाली पारदर्शी र राम्रो देखिए पनि यस्तो नीतिले विपन्न, असहाय र बजारभन्दा टाढा बसोबास गर्ने परिवारलाई भने न्यायोचित वितरणको अनुभूति हुन सकेको देखिँदैन । जस्तोः उही प्रकोपले पीडित भएको भए पनि स्रोतमा पहुँच भएको परिवार र केही नभएको परिवारलाई एक बोरा चामल राहत वितरण गर्दिँदा त्यसले एकरूपता दिँदैन र गरिब परिवारलाई न्याय हुँदैन । त्यसैले राहत वितरण गर्दिँदा स्थानीय सहभागितामा सामुदायिक समितिहरू निर्माण गरी उनीहरूलाई जिम्मेवार बनाई आवश्यकता पहिचान गर्न लगाई वितरण गर्दिँदा न्याय हुन्छ र सहयोग पुग्छ । पुनर्निर्माणका क्रममा राज्यले सबै भूकम्पपीडित परिवारलाई निजी आवास पुनर्निर्माण गर्नका लागि ३ लाख रूपियाँ दिने नीति अख्तियार गऱ्यो । यो नीतिले आफूसँग आर्थिक स्रोत भएका, सामाजिक पहुँच भएका र धनी मानिसलाई त सजिलै भएको देखियो । आफूसँग भएको सबै सम्पति भूकम्पमा गुमाएका परिवारलाई त्यति रकम घर बनाउन पर्याप्त भएन । यस कारणले गर्दा पनि समाजका अधिकांश कगरिब, भूमिहीन, एकल महिला, ज्येष्ठ नागरिकमात्र भएका परिवारले अहिलेसम्म पनि निजी आबास निर्माण गर्न सकिरहेका छैनन् । पीडित परिवारहरूलाई राहत वा सहयोग पर्याप्त हुन सकेन । यसैले राज्यले यस्ता नागरिकलाई विशेष ध्यान दिई उनीहरूलाई विशेष सहयोग गर्नु आवश्यक देखिन्छ ।

## ८. भूकम्पपछिको पुनर्निर्माणमा संघ संस्थाको सुझावहरू :

विनाशकारी भूकम्पबाट धनजनको क्षति, राहत तथा उद्धार सम्बन्धीको कार्यमा विभिन्न संघसंस्थाहरू जुटेको पाइन्छ । राष्ट्रिय मानवअधिकार आयोगले आयोगका माननीय अध्यक्ष तथा सदस्यहरूको नेतृत्वमा भूकम्प अति प्रभावित जिल्लाहरू र त्यहाँस्थित अस्पताल, विद्यालय, क्षतिग्रस्त घर संरचनाको अनुगमन गरी प्राप्त तथ्यको आधारमा तत्कालै स्थानीय प्रशासनको ध्यानाकर्षण समेत गरेको थियो । प्रारम्भिक अनुगमनका आधारमा आयोगले प्रारम्भिक प्रतिवेदन प्रकाशित गरेको थियो । प्रतिवेदनमा सरकारलाई ४३ वटा, राजनीतिक दललाई ३ वटा र नागरिक समाजलाई ३ वटा गरी जम्मा ४९ वटा सिफारिसहरू भएका थिए ।

आयोगले नेपाल बार एशोसिएसन, नेपाल पत्रकार महासंघ र गैसस महासंघसँगको सहकार्यमा घुम्ती शिविरको गठन गरी प्रभावित १४ जिल्लामा उद्धार, राहत र पुनस्थापना लगायत मानव अधिकारको अवस्थाको बारेमा विस्तृत अनुगमन गरेका थियो । अनुगमनबाट प्राप्त तथ्यको आधारमा अन्तिम प्रतिवेदन तयार गरी सुधार गनुपर्ने पक्षमा आयोगले नेपाल सरकारलाई ३४, राजनीतिक दललाई ३, गैससलाई ३, नागरिक समाजलाई ३ र सबैलाई १ गरी जम्मा ४४ वटा सिफारिस गरेको थियो । यसैगरी नीतिगत तथा दीर्घकालीन रूपमा गर्नुपर्ने सुधारका लागि २६ सिफारिस गरिएको थियो ।

विनाशकारी भूकम्प २०७२ पश्चात मानवअधिकार एलाइन्सको पहलमा सबै गैरसरकारी संस्थाहरूको संलग्नता र प्रतिनिधित्व हुनेगरी मानवीय जवाफदेहिता अनुगमन अभियान (HAMI) गठन गरियो । हामी अभियान सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट भूकम्प पछिका दिनहरूमा राहत, उद्धार, तथा पुनर्निर्माणका क्षेत्रमा सञ्चालित गतिविधिहरूको अनुगमनको कार्यमा निरन्तर संलग्न रह्यो । हामी अभियानले भूकम्प गएको एक हप्तामा नै

स्थलगत अध्ययनटोली गठनगरी टोलीबाट प्राप्त तथ्य तथ्याङ्कहरू पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो । त्यसपछिका दिनहरूमा हामी अभियानले पुनर्निर्माण सम्बन्धी जवाफदेहिता अनुगमनकार्यलाई निरन्तरता दिइरहेको छ ।

**राष्ट्रिय मानवअधिकार आयोग, मानवीय जवाफदेहिता अनुगमन अभियान (HAMI) लगायतका संघसंस्थाहरूले पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाउन विभिन्न समयमा राखेका सुझावहरू :**

## क) घर निर्माण तथा अनुदान वितरण:

- भूकम्प प्रभावितहरूलाई सरकारले घर निर्माणका लागि अनुदान दिए पनि अनुदान पाएकाहरूमध्ये धेरैको घर बन्न अझ बाँकी देखिएकाले किन घर बन्न सकेनन् भन्ने विषयमा प्रभावकारी अनुगमन गरी घर बनाउन प्रोत्साहित गर्नुपर्ने,
- रू. ५० हजार घर निर्माणको सुरूवातका लागि अपर्याप्त हुँदा घर निर्माणको लागि राज्यले एकमुष्ट अनुदान दिन उपयुक्त हुने,
- भूकम्प प्रभावितलाई बैंकबाट ऋण लिन सहज बनाउनु पर्ने, प्रभावितलाई दिने भनिएको ऋण रकममा १५ लाख र २५ लाख दिने भन्ने पत्रिकाका समाचारले गर्दा पनि प्रभावितहरूमा अन्यौल रहेकोले सरकारको ऋण सम्बन्धी नीति स्पष्ट हुनुपर्ने,
- घर निर्माणका लागि उपलब्ध गराईने किस्ताको अनुदान रकम सहज प्रक्रिया र पालिका स्तरबाट वितरण गर्दा उपयुक्त हुने,
- उक्त किस्ता रकम भूकम्प प्रभावित आफैँ उपस्थित नहुँदा पनि रकम बुझ्ने वैकल्पिक व्यवस्था समेत गर्नुपर्ने,
- घर नक्सा पास दस्तुरमा नगरपालिकाले भूकम्प प्रभावितहरूका लागि छुट गर्नुपर्ने, यसका लागि सरकार, स्थानीय तह र प्राधिकरणले समन्वय गर्नुपर्ने,
- नक्सा बनाउने तथा पास गर्ने कार्यलाई सरल, सहज, पारदर्शी र निःशुल्क गर्नुपर्ने,
- घर निर्माण कति समयभित्र गरिसक्नुपर्ने हो भन्ने समयसीमा तोक्ने,
- प्रभावित व्यक्तिको स्वामित्व वा भोगचलनमा रहेको जग्गाको क्षेत्रफल अनुसारको घर बनाउन छुट दिनुपर्ने,
- प्रभावित गाउँमा प्रविधिक टोली खटिनु अगावै प्राविधिकको सल्लाह बिना बनेका घरहरू भूकम्प प्रतिरोधि र मापदण्डअनुसार भए अनुदान पाउनुपर्ने ।

## ख) छुट लगत तथा गुनासो व्यवस्थापन

- भूकम्प प्रभावितमा छुटेको भनी परेका बाँकी गुनासाहरूको तत्काल सम्बोधन गरी फछ्र्यौट गर्नुपर्ने, प्रभावित र अनुदानको सूचीमा अझसम्म नपरेकाहरूलाई के कारणले नपरेको हो भनी स्पष्ट जानकारी गराउनुपर्ने,
- स्थानीय, जिल्ला स्तरीय र केन्द्रीय गुनासो फछ्र्यौट समितिको कामलाई थप प्रभावकारी बनाइ गुनासो सुनुवाइ फिल्डमा गएर सुन्ने परिपाटी बसाल्दै गुनासोको तत्काल सम्बोधन हुने वातावरणको सिर्जना गर्ने ।

## ग) कर्मचारी सहित जनशक्ति व्यवस्थापन

- गाउँ तथा वडाहरूमा सचिव र प्राविधिक जनशक्ति सहजै उपलब्ध हुनुपर्ने । गाउँमा सरकारले खटाएका प्राविधिकहरू नभेटिने गुनासो आएको सन्दर्भमा वडा सचिवलाई प्राविधिकको हाजिर प्रमाणित गर्ने व्यवस्था

गरिएको, तर सचिव नै वडा कार्यालयमा नहुने भएकाले तत्काल सो विषयमा उचित सम्बोधन गरी प्राविधिकहरूको सल्लाह बिना घर बनाउने कार्यलाई निरूत्साहित गर्नुपर्ने,

- प्राविधिकका काममाथि प्रभावितहरूले प्रश्न उठाएको हुँदा उनीहरूका कामलाई थप व्यवस्थित गर्नुपर्ने र उनीहरूका काम पारदर्शी हुनुपर्ने,
- पुनर्निर्माण प्राधिकरणका जिल्लास्थित कार्यालयहरू तथा सचिवालयमा दरबन्दी अनुसारको कर्मचारी तत्काल व्यवस्था गरी पुनर्निर्माणको काममा संलग्न पुनर्निर्माण प्राधिकरण बाहेकका अन्य सरकारी निकायको कामलाई प्रभावकारी बनाउनुपर्ने,
- प्रभावित गाउँमा दक्ष जनशक्तिको अभाव देखिएकोले सोको पूर्ति गर्न थप जनशक्तिलाई तालिम दिनुपर्ने,
- कतिपय सरकारी निकायले पुनर्निर्माणसँग सम्बन्धित कामलाई थप बोझ ठानेको भन्ने पाइएको हुँदा यसलाई बोझ नठानी स्वभाविक कर्तव्यको रूपमा लिने वातावरण तयार गर्नुपर्ने ।

## घ) जनचेतना र अभिमुखीकरण

भूकम्प प्रभावितमा पुनर्निर्माणको प्रक्रिया सम्बन्धी सूचना तथा चेतनाको अभाव भएकाले सो सम्बन्धमा चेतना अभियान सञ्चालन गर्नुपर्ने,

- संघीय सरकारले गर्ने पुनर्निर्माण सम्बन्धी सूचना सम्प्रेषणमा अन्यौलता भएको हुँदा स्पष्ट सूचना प्रवाह गर्नुपर्ने,
- पुनर्निर्माण सम्बन्धी भएका निर्णयहरू र पुनर्निर्माण शिक्षाको प्रचारप्रसार गर्नुपर्ने,
- कतिपय नीति, निर्देशिका बारे प्राधिकरण कर्मचारी नै अन्यौलमा रहेको पाइएको हुँदा प्राधिकरणबाट स्थानीय तहसम्म खटिने कर्मचारीलाई निरन्तर अभिमुखीकरण गर्नुपर्ने ।

## ङ) समन्वय र सहकार्य

- गैससहरूले जिल्लास्थित पुनर्निर्माण प्राधिकरण जिल्ला समन्वय समितिसँग समन्वय गरी सहकार्य गर्ने वातावरणलाई थप सहज बनाउँदै पुनर्निर्माण प्राधिकरण र गैससहरूबीच जिल्ला समन्वय समितिको सिफारिसमा सम्झौता गर्दा उपयुक्त हुने, यसो गरेमा जिल्ला स्तरमा समेत समन्वय हुने,
- भूकम्प प्रभावितहरूका लागि गैरसकारी संस्थाले सञ्चालन गर्ने कार्यलाई समन्वयात्मक, परिणाममुखी बनाउन स्थानीय जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय र गाउँ तथा नगरपालिकाहरूको स्पष्ट नीति, निर्देशन र नियमनमा रहेर कार्य गर्नुपर्ने गरी दायरामा ल्याउनुपर्ने,

## च) बस्ती स्थानान्तरण

- विगतमा स्थानान्तरण गर्नु'पर्ने देखिएका बस्तीहरूको पुनःपरीक्षण गरी स्थानान्तरण गर्नु'पर्ने/नपर्ने विषयमा तत्काल निर्णय दिनुपर्ने । बस्तीहरू सार्नैपर्ने प्रतिवेदन आएमा बस्ती सार्ने तत्काल वैकल्पिक स्थानको व्यवस्था गर्नुपर्ने । सार्न'पर्ने भनिएका बस्तीहरूमा कुनै जिल्लामा आवास अनुदान रकम दिइएको र कतै नदिइएको पाइएकोले एकरूपता गर्नुपर्ने, साथै सार्नुपर्ने बस्तीको अध्ययन गर्दा स्थानीय तहहरूको समन्वयमा गर्नुपर्ने । बस्ती स्थानान्तरण गर्दा समुदायमा हुने तत्कालिन (गाँस, बास र कपास) र दीर्घकालीन प्रभाव र असरहरूको आंकलन गर्नुपर्ने,
- भूकम्प प्रभावितले घर भत्केकै ठाउँमा पुनर्निर्माण गर्नुपर्ने हो वा अन्यत्र पनि निर्माण गर्न पाउने हो स्पष्ट निर्णय गरी प्रभावितलाई जानकारी गराउनुपर्ने ।

### छ) सार्वजनिक क्षेत्र पुनर्निर्माण

- विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन तथा धार्मिक र सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण सम्बन्धी कामलाई तीब्रता दिनुपर्ने
- भूकम्प प्रभावित क्षेत्रमा अझै पनि अस्थायी शिक्षालय (TLC) रहेको पाइएको हुँदा तत्काल स्थायी विद्यालय भवन निर्माणको कामलाई अगाडि बढाउनुपर्ने ।

### ज) प्रभावकारी अनुगमन

- निर्माण सामग्री तथा अन्य उपभोग्य सामग्रीमा देखिएको कालो बजारीको प्रभावकारी अनुगमन गर्नुपर्ने र कालोबजारी गर्नेलाई कारवाही गर्नुपर्ने,
- सर्वपक्षीय सहभागितामूलक अनुगमनका लागि सबै गाउँमा सार्वजनिक पुनर्निर्माण समिति र प्राविधिक सहायता समिति निर्माण गरी अन्तरसमन्वायत्मक अनुगमन प्रणालीको विकास गर्ने,
- अझै पनि गैरप्रभावितले अनुदान पाइरहेको तर वास्तविक प्रभावित छुटेको देखिएकोले गैरप्रभावितले त्रुटिबस पाएको अनुदान कडाइका साथ फिर्ता गराउने र वास्तविक प्रभावितले रकम पाउने प्रबन्ध गर्नुपर्ने,
- कतिपय ठाउँमा घर चर्केकोले पनि अनुदान पाएको र कतिपय स्थानमा घर पुरै भत्केकोले पनि नपाएको गुनासो पाइएको हुँदा त्यस्ता गुनासोहरूको तत्काल पारदर्शी तरिकाले सम्बोधन गर्नुपर्ने,
- पहुँचवालाले मात्र अनुदान पाउने अवस्थाको अन्त्य गरिनुपर्ने ।

## ९. तत्काल गरिनु पर्ने कार्यहरू

१. **पुरानै घरमा घर बनाउन पर्ने बाध्यताको अन्त्य गरिनु पर्ने :** लाभग्राहीहरूले एकातर्फ पुरानै घरमा घर बनाउन पर्ने बाध्यात्मक परिस्थितिको सिर्जना गरिएको छ भने बस्नै नसकिने र ठाउँ सारी बस्ती विकासको आवश्यकता वोध हुँदाहुँदै पनि एकीकृत बस्ती विकास केवल अवधारणमा मात्र सीमित हुन पुगेको छ । यसका लागि आवश्यक पर्ने कागजातहरूको झण्झटिलो प्रकृयालाई सकेसम्म सरलीकृत गरी सरोकारवालाहरूको सहमति लिई बस्ती विकासमा जोड दिइनु पर्दछ ।

२. केन्द्रदेखि प्रदेश तथा स्थानीय स्तरसम्म कानून बमोजिम स्थापित विपद व्यवस्थापनसँग सम्बन्धित समितिहरू, विभिन्न निकाय एवं प्रतिष्ठानहरूलाई प्रभावकारी परिचालन गर्ने संयन्त्रको निर्माण गर्न जरूरी देखिन्छ ।

३. लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहमा सरकारी, निजी, गैर सरकारी संस्था, रेडक्रस अभियानका अंगहरू तथा सरोकारवालाहरूबीच समन्वय र सहकार्य गर्ने वातावरण तयार गर्ने नीति लिन जरूरी देखिएको छ ।

४. सरकारी र वन क्षेत्रको जग्गामा बसोबास गर्ने भूकम्पपीडित एवं जोखिमयुक्त बस्तीका लाभग्राहीलाई लाभग्राहीको निवेदन र स्थानीय तहको समन्वयमा रकम उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ ।

५. सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा बाहेक विभिन्न किसिमका गुठी, बिर्ता र गुठी अधिनस्थ जग्गा, मोही लागेको जग्गा, स्वबासी, बेनिस्सा, गाउँ ब्लक, कोदाली, आंकडा, बिटौरि, उखडा, समेतका जग्गामा बसोबास भई घर क्षति भएका लाभग्राहीका हकमा निज बसोबासीका लागि सरल र सहज ढंगबाट सर्जमिन मुचुल्काका आधारमा सम्झौता गर्ने व्यवस्था गरिनु पर्दछ ।

६. लाभग्राहीको सूचीमा समावेश हुन नसकेका वास्तविक भूकम्प पीडित परिवारलाई पुनर्निर्माणको लाभग्राही सूची कायम गराई निजी आवास पुनर्निर्माणको लागि अनुदान उपलब्ध गराउनु आवश्यक छ ।

७. भूमिहीन तथा विस्थापित परिवारलाई लाभग्राही सूची कायम गराई उनीहरूलाई जग्गा खरिद वापतको थप अनुदानका साथै निजी आवास पुनर्निर्माणको लागि अनुदान उपलब्ध गराउनु आवश्यक छ ।

८. एकल महिलामात्र भएका, जेष्ठ नागरिक मात्र भएका, आफ्नो नीजि स्वामित्वमा जमिन नभएकाहरू, आर्थिक अवस्था अति नै कमजोर भएका दलित, जनजातिलगायतका समुदायले घर निर्माण गर्न सकेका छैनन्, यसरी घर बनाउन नसक्नुमा उनीहरूमा भएको आर्थिक क्षमताका कमी प्रमुख कारण देखिएकाले यस्तो परिवारहरूका लागि राज्यले छुट्टै व्यवस्था गरी घर पुनर्निर्माण गरिदिने वातावरण गर्नुपर्छ ।

९. अधिकांश घरहरू एक कोठे र दुईकोठे आकारमा बनेका छन् । यसले हाम्रो नेपाली समाजको पारिवारिक संरचना अनुसार आवश्यकता परिपूर्ति गर्दैन, जसको आर्थिक अवस्था कमजोर भएको कारण एक कोठे घर निर्माण गरेका छन्, त्यस्ता परिवारका लागि राज्यले विशेष व्यवस्था गरी थप घर निर्माण गर्नको लागि सहयोग गर्नु जरूरी छ ।

# १0. दीर्घकालीन सोच

१. राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत संविधानको धारा ५१ मा उल्लेखित प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने नीतिलाई साकार पार्ने विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालीन सोच बन्नु पर्दछ ।

२. यस्तो सोच निर्माण गर्दा विपद् जोखिम न्यूनीकरणका लागि मूलतः सेण्डाइ कार्यढाँचा, दिगो विकासका लक्ष्यहरू, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकतालाई समेत ध्यानमा राखिनु पर्दछ ।

३. दिगो विकासका आधारस्तम्भ पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना संयन्त्रको पूर्ण तयारीका साथ उत्थानशील राष्ट्रको निर्माणमा सरिक हुने वातावरण सिर्जना गर्न सक्नु पर्दछ ।

४. प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिमा उल्लेख्य कमी ल्याउने संयन्त्रको खोजी गरिनु पर्दछ ।

५. विपद् क्षेत्रसँग सम्बन्धित आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम विश्लेषण मार्फत त्यसबाट पुग्न सक्ने क्षतिमा उल्लेख्य कमी ल्याउँदै तिनीहरूको उत्थानशीलता वृद्धि गर्नु पर्दछ ।

६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरूलाई सन्तुलित रूपमा कार्यान्वयन गर्दै विपद् बाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या उल्लेख्य रूपले कम गर्ने, जीविकोपार्जनका साधनहरू कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाईका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरू जस्ता महत्वपूर्ण पूर्वाधार तथा आधारभूत सेवाहरूमा विपद्ले पुऱ्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरूको उत्थानशीलता वृद्धि गर्ने तर्फ कार्यक्रम र बजेट निर्माण गरी लागु गरिनु पर्दछ ।

७. विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने, विपद् सुशासनको सिद्धान्त अनुरूप सहभागिता, जवाफदेहिता र पारदर्शिता जस्ता विषयहरूलाई आत्मसात गरी समाजका सबै सरोकारवालाहरूको संलग्नता तथा साझेदारिता निर्माण गरिनु पर्दछ ।

८. संविधान तथा कानुनले निर्दिष्ट गरे बमोजिम प्रकोप अगाडि सम्भावित जोखिमको पूर्व जानकारी, पूर्वसूचना, रोकथामका सम्भावित उपाय, यससम्बन्धी शिक्षाको प्रचार, कानूनी र नीतिगत व्यवस्था, संयन्त्र निर्माण, कार्ययोजना, स्रोत साधनको व्यवस्था, तालिम र प्रशिक्षण जनताको आधारभूत तहमा सञ्चालन गरिनु पर्दछ ।

९. प्रत्येक स्थानीय तहका वडा कार्यालयहरूमा विपद् पश्चात् उद्धार, उपचार, यातायात र सञ्चार, पानी, विद्युत, खाद्यान्नको व्यवस्था, बसोबास, लत्ता कपडा, मनोसामाजिक परामर्शको तत्काल व्यवस्थादेखि लिएर पुनर्स्थापना, पुनर्निर्माणसम्मका कार्यहरूको अग्रिम कार्ययोजना बन्नु पर्दछ ।

# नीति संवादका झलकहरु





















HAMI
Humanitarian Accountability Monitoring Initiative

**Humanitarian Accountability Monitoring Initiative (HAMI)**
Secretariat Office: Sanepa, Lalitpur | PO Box No. 20842, Kathmandu
Tel: 977-1-5548321, 5548040 | Fax: 977-1-5549093
Email: hami.nepal.2015@gmail.com | Website:www.hami.org.np